मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-०७७/७८

## कृषि कार्यक्रम माग गर्ने सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७/०८/२६**

मन्थली नगरपालिकाको आ.व. ०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | विजवृद्धि कार्यक्रम (मकै) | पटक | १ | बीउमा ५०% अनुदान |
| २ | च्याउ घर निर्माण | पटक | १ | न्यूनतम ५०% लागत साझेदारी, बढीमा रु. १,५०,०००।- |
| ३ | मौरी सहितको घार वितरण | संख्या | ५० | ५०% अनुदान |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (कार्य समितिको) ।
४. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।
५. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. बिजवृद्धि कार्यक्रमको हकमा माथि उल्लेखित कागजातका अतिरिक्तः-
   क) बालीको जात, परिमाण र कार्यक्रम संचालन हुने क्षेत्रको चक्लाबन्दीको विवरण ।
   ख) न्यनतम ४० रोपनी क्षेत्रफलको चक्लाबन्दी विवरण ।
   ग) कार्यक्रम संचालन गर्न जग्गाधनीहरुले गरेको प्रतिवद्धता ।
७. च्याउ घर निर्माणको हकमा माथि उल्लेखित कागजातका साथमा व्यवसायिक योजनाको विवरण ।
८. मौरीपालन कार्यक्रमको हकमा माथि उल्लेखित कागजातका साथमा
   क) व्यवसायिक योजना (उत्पादन योजना, बजार, बिक्री लक्ष्य, आवश्यक पूर्वाधार, कच्चा पदार्थ/श्रोत साधन, औजार उपकरण, जनशक्ति व्यवस्थापन, लागत तथा लाभ विश्लेषण, पुँजी, प्रतिफल, निष्कर्ष आदि समावेश भएको)

**नोट : व्यवसायिक मौरीपालनको हकमा कम्तिमा २० घर धुरी बसोबास भएको समुदायले सामूहिक भेला (कार्यक्रम सञ्चालन पश्चात् समूह गठन हुने गरी) को निर्णय गरी व्यवसायिक योजनाको साथमा आवेदन दिन सक्नेछन् ।**

प्रमुख प्रशासकीय अधिकृत